प.सं./च.नं

## जिल्ला निर्वाचन कार्यालय प्यूठानको अत्यन्त जरुरी सूचना

### सूचना प्रकाशन मितिः २०७९।५।९

सम्वत् २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको सन्दर्भमा मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनार्थ यही मिति २०७९।५।१२ गते देखि १९ गते सम्म सबै स्थानीय तहका वडाहरुमा मतदाता नामावली अद्यावधिक (दावी बिरोध समेत) कार्यक्रम तपसिल बमोजिम सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| देखि | सम्म | क्रियाकलाप | सम्पर्क गर्ने स्थान |
|---|---|---|---|
| २०७९/५/१२ | २०७९/५/१२ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन । | सम्बन्धित वडा कार्यालय र जिल्ला निर्वाचन कार्यालय प्यूठान |
| २०७९/५/१३ | २०७९/५/१५ | प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने । | जिल्ला निर्वाचन कार्यालय प्यूठान |
| २०७९/५/१३ | २०७९/५/१५ | प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | जिल्ला निर्वाचन कार्यालय प्यूठान |
| २०७९/५/१३ | २०७९/५/१५ | प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | जिल्ला निर्वाचन कार्यालय प्यूठान |
| २०७९/५/१३ | २०७९/५/१६ | प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने । | जिल्ला निर्वाचन कार्यालय प्यूठान |

उपरोक्त अनुसारको निर्धारित मितिमा सम्बन्धित स्थानीय तहको वडामा गई मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटि सच्याउन एवम् आफ्नो नाम दोहोरो परेको भए हटाउनका लागि निवेदन दिनुहुन तथा मृत्यू भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिने र कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए विरोधमा उजुरी दिनुहुन सम्बन्धित सबैलाई जिल्ला निर्वाचन कार्यालय प्यूठान हार्दिक अनुरोध गर्दछ ।साथै यस कार्यक्रमा कुनै मतदाताले निवेदन दिनु परेमा आवश्यक प्रमाण सहित जिल्ला निर्वाचन कार्यालय प्यूठानको इमेल ठेगाना ecpyuthan54@gmail.com मा समेत दिन सकिने व्यवस्था मिलाईएको छ ।

(देविराम पाठक)
जिल्ला निर्वाचन अधिकारी